नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## भारतबाट उखुका चार उन्नत जात भित्र्याइयो

**काठमाडौँ।**
नेपालको उखु अनुसन्धान तथा विकासलाई सुदृढ बनाउन भारत सरकारले उखुका चार उन्नत जात नेपाललाई हस्तान्तरण गरेको छ।
लखनउस्थित भारतीय उखु अनुसन्धान संस्थानले विकास गरेका ती जात आज यहाँ आयोजित कार्यक्रममा हस्तान्तरण गरिएको हो।
बाराको जितपुरस्थित राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रमले भारतीय उखु अनुसन्धान संस्थानसँगको सहकार्यमा ती जात नेपालमा भित्र्याइएको हो। यहाँस्थित भारतीय दूतावासका प्रथम सचिव निशाले उखुका चार उन्नत जातका बीउ नार्कका कार्यकारी निर्देशक श्रीमत श्रेष्ठलाई हस्तान्तरण गरिन्।
राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रमका संयोजक दिलराज यादवका अनुसार भारतबाट ल्याइएका ती जातमा उत्पादकत्व र चिनीको मात्रा बढी छ। ती जातका उखुको प्रवर्द्धनबाट उखुको गुणस्तर र उत्पादकत्व बढ्नुका साथै किसानको आम्दानी तथा चिनी मिलको उत्पादनमा सुधार हुने छ।
नेपालमा करिब ५३ हजार हेक्टर क्षेत्रफलमा उखु खेती हुँदै आएको छ। नेपालमा उखुको औसत उत्पादकत्व प्रतिहेक्टर करिब ५० मेट्रिक टन छ।

वर्ष ४ • अंक ३०७ • २०८३ साल असोज २७ गते मंगलबार • Tuesday 13, October 2026 • सूर्योदय: बिहान ०५:५३ बजे • सूर्यास्त: साँझ ०५:३१ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

### २३ वर्षअघि मरेकी महिलाले अहिले राजस्व तिरिन् ?

# जीतपुरसिमरामा ऐलानी जग्गाको माटो चोरी प्रकरण लुकाउने प्रयास





**मधेशदृष्टि**
**बारा।**
जीतपुरसिमरा उपमहानगरपालिकामा २३ वर्षअघि निधन भइसकेकी महिलाको नामबाट वडा कार्यालयको सिफारिस जारी गर्ने र राजस्वसमेत दाखिला गर्ने गम्भीर गैरकानुनी कार्य भएको पाइएको छ।
वडा नम्बर ११ मा पर्ने साविक फत्तेपुर गाविस वडा नम्बर ९ स्थित कित्ता नम्बर ४२ को १८ बिघा १० कट्ठा ऐलानी (सार्वजनिक) जग्गाबाट अवैध रूपमा माटो उत्खनन गरी बिक्री गर्ने नियतले यो प्रपञ्च रचिएको खुलासा भएको हो।
मृत्यु भइसकेकीको नाममा ८ लाख राजस्व
२०६० साल कात्तिक १७ गते नै निधन भइसकेकी हसिना खातुनको नाममा २०८० असोज ४ गते १०० टिपर माटो उत्खननका लागि वडा कार्यालयबाट सिफारिस गराइएको थियो। सो सिफारिस प्राप्त भएकै दिन कुनै प्राविधिक जाँच वा स्थलगत अध्ययन नगरी उपमहानगरपालिकाले उत्खनन अनुमति दिएको थियो।
यति मात्र नभई, सार्वजनिक जग्गाबाट ठुलो परिमाणमा माटो चोरी भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि कारबाहीबाट जोगिन खातुनकै नाममा असोज ६ गते ८ लाख १७ हजार ३ सय २६ रुपैयाँ राजस्वसमेत बुझाइएको भेटिएको छ।
मृतक हसिना खातुनका जेठा छोरा लाल महोमद मियाँले आमाको मृत्युदर्ता प्रमाणपत्र देखाउँदै भने, 'मेरी आमाको निधन २३ वर्षअघि नै भइसकेको हो। उहाँको नामबाट कसले सिफारिस लियो र कसले राजस्व बुझायो, मलाई केही थाहा छैन। म त नगरपालिका गएको पनि छैन।'
निजीको कागजात: ऐलानीको माटो चोरी
प्राप्त विवरण अनुसार, हसिना खातुनको उपभोगमा रहेको कित्ता नम्बर ३५ (५ बिघा) र ऐलानी जग्गा मानिएको कित्ता नम्बर ४२ एकआपसमा जोडिएका छन्। कित्ता नम्बर ४२ को आधिकारिक

बाँकी पृष्ठ ३ मा

# केवाइसी अपडेटका नाममा ५० लाख ठग्ने तीन पक्राउ

**राकेश यादव**
**रौतहट।**
बैंक तथा ई–सेवाको कर्मचारी भएको भन्दै केवाइसी अपडेट गर्ने बहानामा करिब ५० लाख रुपैयाँ ठगी गरेको आरोपमा रौतहटबाट भारतीय नागरिकसहित तीन जना पक्राउ परेका छन्।
जिल्ला प्रहरी कार्यालय गौरले सोमबार पत्रकार सम्मेलन गरी भारतको बिहारस्थित सीतामढीका २४ वर्षीय मोहम्मद साहिल, २२ वर्षीया सलोनी कुमारी सोनी र रौतहटको गौर नगरपालिका–५ का १८ वर्षीय नितेश कुशवाहालाई सार्वजनिक गरेको हो।
जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार असोज २३ गते गौर नगरपालिका–३ पोखरिया टोल र वडा नम्बर ५ कोइरी टोलमा छापा मारेर उनीहरूलाई पक्राउ गरिएको हो। घटनासम्बन्धी हालसम्म २२ वटा उजुरी परेको र प्रारम्भिक अनुसन्धानबाट ४९ लाख ८७ हजार ३ सय ३३ रुपैयाँ ठगी भएको खुलेको प्रहरीले जनाएको छ।
प्रहरीका अनुसार आरोपितहरूले बैंक वा ई–सेवाको कर्मचारी भएको परिचय दिँदै फोन तथा ह्वाट्सएपमार्फत सर्वसाधारणलाई सम्पर्क गर्ने गरेका थिए। केवाइसी अपडेट गर्नुपर्ने भन्दै भिडियो कलमार्फत मोबाइलको स्क्रिन शेयर गर्न लगाउने र गुगल फारम भर्न लगाएर बैंकिङ विवरण प्राप्त गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।



त्यसरी प्राप्त विवरण प्रयोग गरी पीडितको बैंक खाता तथा डिजिटल वालेटबाट रकम अन्यत्र स्थानान्तरण गर्ने गरेको प्रहरीको भनाइ छ।
ठगीबाट प्राप्त रकम अमेरिकी डलरमा रूपान्तरण गरी बाइनान्समार्फत स्थानान्तरण गरिएको तथा क्रिप्टोकरेन्सीमा लगानी गरिएको हुन सक्ने प्रहरीको आशंका छ।
पक्राउ परेका आरोपितको साथबाट प्रहरीले १ लाख ६२ हजार २ सय १० नेपाली रुपैयाँ र ३ हजार २ सय ३६ भारतीय रुपैयाँ बरामद गरेको छ। त्यस्तै, सात थान मोबाइल, ११ थान सिमकार्ड, ३० थान बैंक भौचर, तीन थान एटीएम कार्ड, तीन थान चेकबुक, एक थान पेनड्राइभ, दुई थान मेमोरी कार्ड तथा ठगीसम्बन्धी विवरण लेखिएका डायरी र कागजातसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।
पक्राउ परेकामाथि ठगी तथा संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको छ। घटनाका मुख्य योजनाकारसहित अन्य संलग्न व्यक्तिहरूको खोजी जारी रहेको प्रहरीको भनाइ छ।
प्रहरीले अपरिचित व्यक्तिले फोन वा भिडियो कलमार्फत मोबाइलको स्क्रिन शेयर गर्न लगाएमा सावधानी अपनाउन तथा आफ्नो ओटीपी, पिन, पासवर्ड र बैंकिङ विवरण कसैलाई पनि नदिन सर्वसाधारणलाई आग्रह गरेको छ।

### दसैँमा पनि जनकपुरको बजार सुनसान

# व्यापार घट्दा व्यवसायी चिन्तित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
दसैँ, तिहार र छठजस्ता ठूला चाडपर्व नजिकिँदै गर्दा जनकपुरधामका मन्दिर तथा बजार सजिसजाउ देखिन्छन्। चाडपर्वको रौनक बढेसँगै बजारमा ग्राहकको चहलपहल बढ्नुपर्ने हो। तर, यस वर्षको दसैँमा भने जनकपुरधामका व्यापारीले अपेक्षाअनुसार कारोबार गर्न सकेका छैनन्। चाडपर्वलाई लक्षित गरी नयाँ सामानको मौज्दात बढाएका व्यवसायी बिक्री नहुँदा चिन्तित बनेका छन्।
मधेस प्रदेशको प्रमुख व्यापारिक केन्द्र जनकपुरधामका मुख्य बजारमा विगतका वर्षमा दसैँ आउनुभन्दा केही साताअघिदेखि नै किनमेल गर्ने ग्राहकको भीड लाग्ने गर्थ्यो। यसपटक भने जनकचोक, शिवचोक, रामानन्दचोक, पिडारीचोक, भानुचोक, पुलचोक र मुरलीचोकलगायतका व्यापारिक क्षेत्रमा अपेक्षित चहलपहल देखिएको छैन। कपडा, जुत्ता, कस्मेटिक, इलेक्ट्रोनिक्सलगायतका सामान बिक्री गर्ने पसलमा ग्राहकको उपस्थिति पातलो छ। कतिपय व्यापारीलाई दिनभरि पसल खोलेर बस्दा पनि बिक्री सुरु गर्न कठिन भइरहेको छ।
जनकचोकमा रेडिमेड कपडाको पसल सञ्चालन गर्दै आएका एमडी मुर्कुजाले दसैँका लागि नयाँ सामान मगाए पनि बिक्री हुन नसकेको बताए। चाडपर्वमा कपडाको व्यापार राम्रो हुने अपेक्षासहित सामान थपेको भए पनि ग्राहक नआउँदा मौज्दात थन्किने चिन्ता बढेको उनको भनाइ छ।
'चाडपर्वमा पनि व्यापार छैन। दिनभरि पसलमा बस्दा बोहनीसमेत हुँदैन,' उनले भने, 'दसैँका लागि नयाँ सामान मगाएको छु, तर बिक्री नभएपछि सबै सामान थन्किने हो कि भन्ने चिन्ता लागेको छ।'
पिडारीचोकमा कपडा पसल सञ्चालन गर्दै आएका परमेश्वर सहनीको अनुभव पनि उस्तै छ। उनका अनुसार विगतमा दसैँ आउन करिब एक महिनाअघिदेखि नै कारोबार बढ्न थाल्थ्यो। यसपटक भने व्यापार निकै खुम्चिएको छ।
'पहिले दसैँ आउन एक महिना बाँकी रहँदै व्यापार ह्वात्तै बढ्थ्यो। अहिले विगतको तुलनामा १० प्रतिशत पनि व्यापार छैन,' उनले भने, 'सटर भाडा तिर्नसमेत हम्मेहम्मे परेको छ।'
बिक्री घटे पनि पसल सञ्चालनका लागि आवश्यक खर्च भने घटेको छैन। घरभाडा, कर्मचारीको तलब, बिजुली र अन्य नियमित खर्चको व्यवस्थापन गर्नुपर्ने बाध्यताले साना तथा मझौला व्यवसायी थप दबाबमा परेका छन्। चाडपर्वमा हुने कारोबारबाट वर्षभरिका खर्च धान्न सहज हुने अपेक्षा गरेका व्यापारीलाई यसपटक बिक्री कमजोर हुँदा आर्थिक व्यवस्थापन गर्न कठिन भइरहेको छ।
रामानन्दचोकमा फेन्सी पसल सञ्चालन गर्दै आएका अशोक रौनियारले पछिल्ला तीन–चार वर्षयता चाडपर्वको व्यापार निरन्तर घट्दै गएको अनुभव सुनाए। उनका अनुसार दसैँमा पनि सामान्य दिनमा जस्तै कारोबार भइरहेको छ।
'तीन–चार वर्षदेखि चाडपर्वमा हुने व्यापार स्वात्तै घटेको छ। अहिले पनि अरू दिनको जस्तै व्यापार छ,' उनले भने। काठमाडौं, बुटवल, धरान र विराटनगरजस्ता सहरमा चाडपर्वका बेला राम्रो कारोबार हुने गरेको उल्लेख गर्दै उनले जनकपुरधाममा भने त्यस्तो अवस्था नरहेको बताए।
रौनियारका अनुसार जनकपुरधामको बजार प्रभावित हुनुमा सीमावर्ती भारतीय बजारसँगको प्रतिस्पर्धा पनि प्रमुख कारण हो। नजिकै भारतीय बजार उपलब्ध भएकाले सस्तो सामान खोज्ने ग्राहक उतै जाने गरेका छन्। यसले स्थानीय बजारको कारोबारमा प्रत्यक्ष असर पारेको उनको भनाइ छ।
व्यवसायीका अनुसार बजारमा व्यापार घट्नुको कारण सीमापारिको प्रतिस्पर्धामा मात्र सीमित छैन। उपभोक्ताको खर्च गर्ने क्षमतामा आएको दबाब र किनमेल गर्ने शैलीमा भएको परिवर्तनले पनि कारोबार प्रभावित भएको छ। पहिले दसैँका लागि नयाँ लत्ताकपडा तथा अन्य सामग्री किन्ने ग्राहक अहिले आवश्यकताका आधारमा मात्रै सामान खरिद गर्न थालेका छन्। यसले चाडपर्वमा हुने अतिरिक्त बिक्रीसमेत घटाएको व्यापारीहरूको अनुभव छ।
स्थानीय पसलका लागि अनलाइन बजार र सामाजिक सञ्जालमा हुने मूल्य प्रतिस्पर्धा अर्को चुनौती बनेको छ। जनकचोकमा विन्दास इम्पोरियम सञ्चालन गर्दै आएका सतीश झाले फेसबुक र टिकटकमार्फत सस्तो मूल्य देखाएर ग्राहक आकर्षित गर्ने प्रवृत्तिले स्थानीय व्यवसायीलाई समस्या पारेको बताए।
'सामाजिक सञ्जालमा कपडाको मूल्य निकै सस्तो देखाएर प्रचार गरिन्छ। ग्राहकले सामान किन्न खोज्दा स्टक सकिएको भन्दै अर्को सामान दिने गरेको पाइन्छ,' उनले भने, 'हामीकहाँ त्यही सामान उपलब्ध हुँदा पनि ग्राहकले अनलाइनमा देखेको मूल्यसँग तुलना गरेर त्यही दरमा माग्छन्। त्यो मूल्यमा हामीलाई खरिद लागतसमेत नउठ्ने अवस्था हुन्छ।'
उनका अनुसार प्रचारका क्रममा अस्वाभाविक रूपमा कम मूल्य देखाइँदा वास्तविक लागतका आधारमा सामान बिक्री गर्ने व्यवसायीलाई प्रतिस्पर्धा गर्न कठिन हुन्छ। अनलाइनबाटै सामान हेर्ने, मूल्य तुलना गर्ने र खरिद गर्ने सुविधा बढेसँगै ग्राहकको व्यवहार फेरिएको छ। तर, भाडा र अन्य सञ्चालन खर्च बेहोर्नुपर्ने स्थानीय पसललाई मूल्य घटाएर मात्रै ग्राहक आकर्षित गर्न सहज छैन।
जनकपुरधामको व्यापार ग्रामीण क्षेत्रबाट आउने उपभोक्तामा समेत निर्भर छ। त्यसैले स्थानीय ग्राहकको खरिद व्यवहारमा आएको परिवर्तनसँगै सीमावर्ती बजारको आकर्षण र अनलाइन प्रतिस्पर्धाले यहाँको कारोबारलाई थप प्रभावित पारेको व्यवसायीहरू बताउँछन्।
दसैँका लागि सामानको मौज्दात बढाएका व्यापारीलाई अहिले बिक्री नहुँदा लगानी अड्किने र नियमित खर्च जुटाउने चुनौती थपिएको छ। चाडपर्वलाई लक्षित गरेर गरिएको तयारीअनुसार ग्राहक नआएपछि यस वर्षको दसैँले जनकपुरधामका व्यवसायीलाई अपेक्षित राहत दिन नसकेको उनीहरूको भनाइ छ।



## सम्पादकीय

# मधेशमा असुरक्षाको शृंखला र न्यायको प्रश्न

मधेश प्रदेशमा पछिल्लो समय दिनप्रतिदिन आपराधिक घट्नाहरू बढ्दै जानु र अपराधमा संलग्न व्यक्तिहरू समयमै कानुनको दायरामा नआउनु अत्यन्तै चिन्ताजनक विषय बनेको छ। चोरी, डकैती, अपहरण, हत्या तथा महिला हिंसा जस्ता घटनाहरू शृंखलाबद्ध रूपमा दोहोरिरहँदा सर्वसाधारण नागरिकहरू भय र त्रासको वातावरणमा जिउन बाध्य छन्। राज्यको मुख्य जिम्मेवारी नागरिकको जिउधनको रक्षा गर्नु भए पनि, मधेशमा भइरहेका लगातारका आपराधिक घटना र अपराधीहरू उम्किने परिपाटीले सर्वसाधारणको अकालमा ज्यान गइरहेको छ।

मधेशमा अपराध नियन्त्रणमा मुख्य चुनौती भनेको खुला सिमाना, कमजोर सुरक्षा व्यवस्थापन र सीमित स्रोत–साधन हुन्। भारतसँग जोडिएको खुला सिमानाका कारण अपराध गरेर सहजै सीमापार भाग्ने र लुक्ने अनुकूल वातावरण अपराधीहरूले पाउँछन्। साथै, बस्तीअनुसार प्रहरीको उपस्थिति पर्याप्त नहुनु, आधुनिक अनुसन्धान प्रविधिको कमी र सुरक्षा निकायबीच प्रभावकारी समन्वयको अभावले गर्दा पनि अपराध नियन्त्रण र अनुसन्धानमा ढिलाइ भई चुनौतीहरू थपिँदै गएका छन्।

आरोपीहरू सुरक्षित रहनुको पछाडि राजनीतिक संरक्षण र कानुनको फितलो कार्यान्वयन मुख्य जिम्मेवार देखिन्छ। प्रायजसो आपराधिक पृष्ठभूमि भएका व्यक्तिहरूलाई राजनीतिक दल, पहुँचवाला वर्ग वा गिरोहको प्रत्यक्ष–अप्रत्यक्ष संरक्षण मिल्ने गरेको छ। यसका अतिरिक्त, पीडित वा प्रत्यक्षदर्शीलाई धम्क्याउने, प्रलोभनमा पार्ने र प्रमाण नष्ट गर्ने प्रयास हुँदा निष्पक्ष अनुसन्धान प्रभावित हुने गर्छ। राजनीतिक दबाबका कारण प्रहरी प्रशासनले निर्भीक भएर कारबाही गर्न नसक्दा आरोपीहरू खुलेआम घुम्ने स्थिति सिर्जना हुन्छ।

जब एक जना अपराधी कानुनको दायराबाट उम्किन्छ, उसले कानुनप्रति कुनै डर मान्दैन र पुनः अपराध गर्न प्रोत्साहन पाउँछ। यही दण्डहीनताको संस्कृतिले गर्दा अर्को अपराध जन्मिन्छ र फेरि निर्दोष तथा अनाहक नागरिकहरू मारिन पुग्छन्। समयमै न्याय नपाउनु, अपराधीलाई कडा सजाय नहुनु र सुरक्षाको अनुभूति दिलाउन नसक्नुले राज्यको शान्ति–सुरक्षा कायम गर्ने संयन्त्रमाथि नै गम्भीर प्रश्नचिह्न खडा गरेको छ।

अतः मधेशमा दिगो शान्ति र सुरक्षा कायम गर्न दण्डहीनताको अन्त्य हुनु अनिवार्य छ। अपराधलाई राजनीतिकरण गर्ने र अपराधीलाई संरक्षण दिने परिपाटीलाई तत्काल रोक्नुपर्छ। सीमा क्षेत्रमा कडाइ, प्रहरी प्रशासनलाई निष्पक्ष र साधनस्रोतसम्पन्न बनाउने तथा अपराधी जुनसुकै पहुँचको भए पनि समयमै कानुनी कारबाहीको दायरामा ल्याउने दृढ इच्छाशक्ति राज्यले देखाउनुपर्छ। तब मात्र नागरिकले सुरक्षित महसुस गर्नेछन् र अनाहकमा गुम्ने सर्वसाधारणको ज्यान जोगाउन सकिनेछ।

# सहरको स्वादका लागि छुट्छ हिमालको दसैँ–तिहार

**भूमिराज पिठातोली/रासस**

घरमा आमा हुनुहुन्छ। परिवार छ। आफन्त छन्। दसैँमा टीका र जमरा लगाउने, तिहारमा दाजुभाइ तथा दिदीबहिनीसँग खुसी साट्ने रहर पनि छ। तर बझाङको साइपाल गाउँपालिकाका घुरनबहादुर बोहराका लागि चाडपर्व घर फर्किने समय होइन, व्यापारका लागि घर छाड्ने समय हो।

घुरन भेडाच्याङ्ग्राको बथान लिएर पोखरा र काठमाडौँ पुग्नुहुन्छ। सहरका भान्सामा हिमालका भेडाच्याङ्ग्राको मासु पाकिरहँदा आफ्नै घरमा आमाको हातबाट टीका थाप्न र परिवारसँगै बसेर दसैँ मनाउनबाट वञ्चित हुनुपर्छ।

घुरनसहितका व्यापारीको श्रमले सहरको चाडलाई स्वाद दिन्छ, तर त्यही व्यापारले आफ्नै चाडको खुसी खोसिदिन्छ। साइपाल गाउँपालिका–१ धलौनका घुरनबहादुरले दसैँमा आमाको हातबाट टीका नथापेको १५ वर्षभन्दा बढी भइसक्यो।

भेडाच्याङ्ग्राको व्यापार उहाँका लागि आम्दानीको महत्त्वपूर्ण स्रोत हो। त्यसैले चाडपर्वमा घर फर्किने रहर भएर पनि व्यापारको जिम्मेवारीले बजारतर्फ डोहोर्याउँछ। आमाको आशीर्वाद फोनबाटै लिनुपर्छ। सन्तानलाई शुभकामना पनि फोनबाटै दिनुपर्छ। 'घरको एक्लो छोरो, त्यो पनि घर नहुँदा आमालाई दसैँ आएजस्तो नै लाग्दैन। परिवारको मुख्य व्यक्ति नहुँदा चाडपर्व टाढिएकै जाती भन्छन्,' घुरन सुनाउनुहुन्छ।

साइपाल गाउँपालिका–२ धलौनका उज्ज्वल बोहराको अनुभव पनि उस्तै छ। उहाँले पनि डेढ दशकदेखि दसैँ–तिहार परिवारसँग बसेर मनाउन पाउनुभएको छैन। दसैँ बाटोमै बित्छ, तिहार सहरकै व्यस्ततामा सकिन्छ। 'वर्षभरिको आम्दानी हुने चाडवाडको बेला दसैँ सम्झेर घरमै बस्न सकिँदैन। परिवारलाई सम्झनुपर्छ र बाटो लाग्नुपर्छ,' उज्ज्वल भन्नुहुन्छ।

घुरन, उज्ज्वल, राजेन्द्र, सुरेन्द्रजस्ता व्यापारी तथा सहयोगी साइपालमा सय जनाभन्दा बढी छन्। साइपालबाट भेडाच्याङ्ग्रा लिएर पोखरा र काठमाडौँ जानेको सङ्ख्या डेढ सयभन्दा बढी हुन्छ। ट्रक चालकहरू बजार पुगेको भोलिपल्टै फर्किए पनि भेडा च्याङ्ग्राका साहु र सहयोगीलाई बिक्री गर्न समय लाग्छ। उहाँहरूको दसैँ–तिहार बाटोमै सकिन्छ।

'बीचमा कसैले टीका लगाइदिएमा कानमा जमरा सिउरिएर पर्व मनाएको अनुभूति गर्न पाइन्छ,' साइपाल–१ का रमेश धामीले भन्नुभयो, 'नत्र निधारमा टीका र कानमा जमरा नलगाई चाड बित्छ। परिवारसँगको भेटघाट र सामूहिक खुसी व्यापारको व्यस्तताले टाढा पुर्याउँछ।'

साइपालबाट व्यावसायिक रूपमा भेडाच्याङ्ग्रा पोखरा पठाउन थालिएको २०६८ सालदेखि हो। त्यसअघि साइपालका युवा मुगु, हुम्ला र जुम्लाका व्यापारीसँग सहयोगीका रूपमा पोखरा जाने गर्थे। स्थानीय भेडाच्याङ्ग्रा खरिद गर्न आउने व्यापारीले पशुको हेरचाह र ढुवानीमा सहयोग गर्ने मानिस खोज्थे।

घुरनबहादुरले पनि २०६४ सालमा सहयोगीका रूपमा पोखरा पुगेर यो व्यवसायको अनुभव बटुल्नुभएको थियो। 'म सुरुमा २०६४ सालमा सहयोगीको रूपमा पोखरा पुगेको थिएँ,' उहाँ भन्नुहुन्छ, 'मुगु, हुम्ला, जुम्लाका व्यापारी हाम्रै भेडाच्याङ्ग्रा किन्न आउँथे। भेडासँगै सहयोगी पनि खोज्थे। उहाँहरूसँग आफ्नै भेडाच्याङ्ग्राका सहयोगी भएर गन्तव्यमा पुग्थ्यौँ। साहुले काम गरेको पैसा दिन्थे र फर्किन्थ्यौँ।'

सहयोगीका रूपमा काम गर्दा पशु खरिद, ढुवानी र बिक्रीको अनुभव हासिल गरेको उहाँ बताउनुहुन्छ। 'सहयोगीका रूपमा चार वर्षको अनुभवपछि आफैँले टिम बनाएर व्यावसायिक रूपमा भेडाच्याङ्ग्रा निर्यातमा लागेँ।'

'सुरुको वर्ष कर्णालीका विभिन्न जिल्ला हुँदै पोखरा भेडा हिँडाएर पुर्यायौँ। त्यो बेलामा बेच्दै हिँड्दै गर्यौँ। ठ्याक्कै एक महिना लागेको थियो,' उहाँ भन्नुहुन्छ। पहिले पशु हिँडाएरै लामो दूरी पार गर्नुपर्ने अवस्था थियो। अहिले भने ट्रकमा ढुवानी गरिने उहाँले बताउनुभयो।

उच्च हिमाली क्षेत्रमा जडीबुटी र प्राकृतिक घाँस खाएर हुर्किएका भेडाच्याङ्ग्राको मासुको स्वाद पोखरामा विस्तारै लोकप्रिय हुँदै गएको व्यापारीको अनुभव छ। सोही ठाउँका व्यापारी राजेन्द्रबहादुर धामी भन्नुहुन्छ, 'पोखराबाट सुरु भएको बजार काठमाडौँसम्म फैलिएको छ। ग्राहक बढेसँगै कतिपयले व्यापारी पुग्न ढिला भए पनि प्रतीक्षा गर्ने गरेका छन्।'

यसले हिमाली क्षेत्रका पशुपालक र व्यापारीका लागि नयाँ बजारको सम्भावना खोलेको छ। गाउँमा पालिएका पशु स्थानीय बजारमा मात्र सीमित नरही टाढाका उपभोक्तासम्म पुग्न थालेका छन्।

### उपभोक्ताको हातमा नपुगुन्जेल दुःखैदुःख

बझाङबाट पोखरा भेडाच्याङ्ग्रा पुर्याउन सामान्य अवस्थामा पाँच दिन लाग्छ। कतिपय अवस्थामा एक सातासम्म बाटोमै बित्छ। पशुलाई दिनभर गाडीमा राखेर लैजान सकिँदैन। बिहानदेखि दिनभर नजिकका वन तथा चरन क्षेत्रमा चराउनुपर्छ। साँझ भएपछि मात्र गाडीमा लोड गरेर यात्रा अघि बढाइन्छ। धेरै सङ्ख्यामा ल्याउँदा पनि चुनौती हुने गरेको धामी बताउनुहुन्छ।

धामीका अनुसार यस वर्षमात्रै साइपाल गाउँपालिकाबाट ३८ ट्रक भेडाच्याङ्ग्रा पोखरा र काठमाडौँका लागि पठाइएको छ। गत वर्ष यस्तो सङ्ख्या २८ ट्रक थियो। जिल्लाभरबाट भने करिब ६० ट्रकबराबर भेडाच्याङ्ग्रा पोखरा निर्यात हुने गरेको उहाँ बताउनुहुन्छ।

एउटा ट्रकमा औसतमा ६५ वटा भेडाच्याङ्ग्रा अटाउने व्यापारीको विवरण छ। यस हिसाबले साइपालबाट यस वर्ष पठाइएका ३८ ट्रकमा औसत क्षमताअनुसार करिब दुई हजार ४७० वटा भेडाच्याङ्ग्रा ढुवानी भए।

गाउँपालिकाले भेडाच्याङ्ग्रा निर्यातबापत प्रतिगोटा रु १०० का दरले राजस्व सङ्कलन गर्ने गरेको छ। साइपाल गाउँपालिकाका नायब प्राविधिक सहायक सुमन सिंहले भन्नुभयो, 'पालिकाको कार्यपालिकाको निर्णयअनुसार राजस्वबापत प्रतिगोटा रु १०० का दरले सङ्कलन गरेका छौँ।' यसले स्थानीय तहमा व्यापार राजस्वको स्रोत देखिने उहाँले बताउनुभयो।

उहाँका अनुसार बझाङको सुर्मा, छबिसपाथिभेरा, बुङ्गल नगरपालिका, मस्टा, साइपाल र तलकोट गाउँपालिकाले पनि यसरी नै राजस्व सङ्कलन गर्ने गरेको छ। सङ्ख्या एकिनपछि पालिकाको सिफारिससहित आवश्यक कागजात तयार पारेर भेडाच्याङ्ग्रा निर्यात गर्ने गरेको उहाँले बताउनुभयो।

### एउटा पशुमा पाँच हजारसम्म अतिरिक्त खर्च

साइपाल गाउँपालिकाका पूर्वअध्यक्ष राजेन्द्र धामीका अनुसार एउटा भेडाच्याङ्ग्राको यात्रामा रु पाँच हजारसम्म अतिरिक्त खर्च हुन्छ। गाउँमा एउटा भेडाच्याङ्ग्रा खरिद गर्न रु २५ हजारदेखि रु ३० हजारसम्म लगानी गर्नुपर्ने उहाँ बताउनुहुन्छ। खरिदपछि ढुवानी, चरिचरन, खाना, जनशक्ति र बाटोका अन्य खर्च थपिन्छन्। 'रु २५–३० हजारसम्ममा भेडाच्याङ्ग्रा खरिद गर्नुपर्छ,' धामी भन्नुहुन्छ, 'तर बजारमा कहिलेकाहीँ राम्रो मूल्य नपाउँदा निकै घाटा व्यहोर्नुपर्ने हुन्छ।'

धेरै पशु एकैपटक खरिद गर्ने व्यापारीले ठूलो रकम लगानी गर्नुपर्छ। बजारसम्म पुग्दा थप खर्च भइसकेको हुन्छ। तर बिक्री मूल्य सुनिश्चित हुँदैन। अपेक्षित मूल्य नपाएमा लगानी उठाउन कठिन हुने गरेको धामीले बताउनुभयो।

व्यापारको अर्को जोखिम उपभोक्ताको धारणा पनि हो। धामीका अनुसार अघिल्लो वर्ष बझाङबाट लगिएका च्याङ्ग्रा वास्तविक नभएको भन्ने अफवाह फैलिएपछि बजार प्रभावित भएको थियो। अन्ततः व्यापारीले लिलामी गरेजस्तै गरी बेचेर फर्किनुपरेको उहाँले सुनाउनुभयो।

लामो दूरीको यात्रा गर्दा व्यापारीले आर्थिक जोखिममात्रै उठाउँदैनन्, सामाजिक र व्यावहारिक कठिनाइ पनि भोग्छन्। पशुलाई बाटोमा चराउन स्थानीयसँग अनुमति लिनुपर्छ। कतिपय ठाउँमा चरन प्रयोग गरेबापत रकम तिर्नुपर्छ। तर पैसा तिरेपछि पनि व्यवहार सहज हुँदैन।

'चराउन नपाए भेडा च्याङ्ग्रा बाटोमै मर्छन्। कतै बिरामी हुन्छन्। त्यस्तो अवस्थामा सबै नोक्सान हुन्छ। बाटोमा चरिचरन गर्दा स्थानीयबाट अपमान सहनुपर्छ, गाली सहनुपर्छ,' धामी भन्नुहुन्छ।

बाटोमा सुरक्षाले पनि निकै दुःख दिने गरेको उहाँहरूको बुझाइ छ। सबै प्रक्रिया पुर्याउँदा पनि बाटोमा सुरक्षा निकायले अनेक झमेला गर्छन्। धुरनले भन्नुभयो, 'हामी जिल्लाबाट बाहिर जाँदा सबै कागजात तयार गरेर मात्रै जान्छौँ। तर, बीचमा सुरक्षा निकायले कतै कागजात नपुगेको, लाइसेन्स वा बिलबुकसम्बन्धी कतै न कतै खोट देखाएर झमेलामा अल्झाउँछन्।'

### स्वास्थ्य परीक्षणपश्चात निर्यात

ठूलो सङ्ख्यामा भेडाच्याङ्ग्रा एक ठाउँबाट अर्को ठाउँमा लैजाँदा पशुको स्वास्थ्यमा विशेष ध्यान दिनुपर्छ। लामो दूरीको ढुवानी र विभिन्न स्थानमा पशुको जमघट हुँदा सङ्क्रमण तथा रोग फैलिन सक्ने जोखिम हुने भन्दै परीक्षण गरेरमात्रै निर्यात गर्ने गरिएको छ।

पशु चिकित्सक डा. रवि थारूका अनुसार जिल्लाबाट भेडाच्याङ्ग्रा पठाउँदा परीक्षण गरेर पठाउने गरिएको छ। 'यति ठूलो मात्रामा पठाउँदा बिनापरीक्षण पठाएमा कुनै सङ्क्रमण वा रोग फैलन सक्छ,' थारू भन्नुहुन्छ, 'त्यसैले पशुको परीक्षण, प्राथमिक उपचारका लागि औषधि, व्यवसायीसँग आवश्यक कागजात सबै पूरा गरेपछि मात्रै पठाउँछौँ।' स्वास्थ्य परीक्षणले सम्भावित रोगको जोखिम कम गर्न र उपभोक्तासम्म स्वस्थ पशु पुर्याउन सहयोग गर्ने उहाँले बताउनुभयो।

## चाडपर्व लक्षित ट्राफिक प्रहरीको सक्रियता:

# सुरक्षित यात्राका लागि सचेतना

**विमलबहादुर विष्ट/रासस**

दसैँ, तिहारलगायतका प्रमुख चाडपर्व नजिकिएसँगै काठमाडौँ उपत्यकामा ट्राफिक प्रहरीले आफ्नो सक्रियता थप बढाएको छ।

चाडपर्वका समयमा सवारीसाधनको चाप बढ्ने, लामो तथा छोटो दूरीका यात्रुको आवागमन वृद्धि हुने र यात्राका क्रममा हुनसक्ने सम्भावित जोखिमलाई मध्यनजर गर्दै ट्राफिक प्रहरीले सचेतना अभियानलाई तीव्रता दिएकोछ।

चाडपर्वका समयमा हुनसक्ने सवारी दुर्घटना न्यूनीकरण, यात्रुलाई सहज र सुरक्षित यात्रा सुनिश्चित तथा चालकलाई जिम्मेवार बनाउने उद्देश्यले उपत्यकाका विभिन्न स्थानमा सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले जानकारी दिनुभयो।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार यात्रुको बढी आवागमन हुने क्षेत्र, मुख्य सडक तथा सवारीसाधन सञ्चालन हुने प्रमुख स्थानमा केन्द्रित भएर सचेतना अभियान अगाडि बढाएको छ।

ट्राफिक प्रहरीले काठमाडौँको नयाँ बसपार्क, नागढुङ्गा, कोटेश्वरलगायतका प्रमुख क्षेत्रमा विशेष अभियान सञ्चालन गरिरहेको छ। विशेषगरी लामो दूरीका सार्वजनिक सवारीसाधन सञ्चालन हुने नयाँ बसपार्क र उपत्यका प्रवेश गर्ने तथा बाहिरिने मुख्य नाका नागढुङ्गा र कोटेश्वर क्षेत्रमा ट्राफिक व्यवस्थापनमा विशेष निगरानी बढाइएको जनाइएको छ।

उक्त अभियानअन्तर्गत लामो तथा छोटो दूरीमा सञ्चालन हुने सार्वजनिक सवारीसाधनका चालक र यात्रुलाई ट्राफिक नियम, सुरक्षित यात्रा र सडक अनुशासनबारे जानकारी दिने तथा सवारीसाधनको यान्त्रिक अवस्था परीक्षण र मादक पदार्थ सेवन (मापसे) जाँचलाई समेत प्राथमिकता दिइएको छ।

चाडपर्व सुरु भएसँगै सवारी दुर्घटना न्यूनीकरणका लागि उपत्यका प्रमुख नाकामा नागरिक सचेतना अभियानसहित ट्राफिक प्रहरीको सक्रियता थप बढाइएको उहाँले बताउनुभयो।

वरिष्ठ उपरीक्षक काफ्लेले भन्नुभयो, 'ट्राफिक प्रहरी जहिले पनि सडकमै खटिएको छ। अहिले चाडपर्वको समय सुरु भएकाले हामीले ट्राफिक सचेतना र जनचेतनामूलक कार्यक्रमलाई थप अघि बढाएका छौँ। हाम्रो मुख्य उद्देश्य सवारी दुर्घटना न्यूनीकरण गर्नु हो।'

उहाँका अनुसार चाडपर्वका समयमा यात्रुको आवागमन बढ्ने भएकाले सवारीसाधनको सुरक्षित सञ्चालन, चालकको जिम्मेवारी र ट्राफिक नियमको पालना विशेष महत्त्वपूर्ण हुन्छ।
सम्भावित दुर्घटना रोक्न र यात्रुलाई गन्तव्यसम्म सुरक्षित रूपमा पुग्ने वातावरण बनाउन ट्राफिक प्रहरीले सचेतना कार्यक्रमलाई प्राथमिकतामा राखेको छ।



### माइकिङमार्फत यात्रु र चालकलाई सचेतना

ट्राफिक प्रहरीले सडक तथा सवारीसाधन सञ्चालन हुने प्रमुख स्थानमा माइकिङ गरी सर्वसाधारणलाई ट्राफिक नियम पालना गर्न आग्रह गरिरहेको छ। यात्राका क्रममा सावधानी अपनाउन, सवारीसाधनको अवस्था जाँच गरेर मात्र यात्रा गर्न तथा चालकले सडक अनुशासन कायम राख्नुपर्ने विषयमा जानकारी दिइँदै आएको छ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले सुरक्षित यात्रा सुनिश्चित गर्ने, जिम्मेवार चालकको व्यवहार विकास गर्ने र सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो।

'सुरक्षित यात्रा, जिम्मेवार चालक र दुर्घटनामुक्त सडक निर्माणमा ट्राफिक प्रहरी सक्रिय रूपमा खटिएको छ। चाडपर्व सबैको उल्लासमय तरिकाले बितोस् भन्ने ट्राफिक प्रहरीको चाहना हो,' उहाँले भन्नुभयो।

अरु बेलाको तुलनामा चाडपर्वका समयमा नागरिकले यात्रालाई सुरक्षित तुल्याउन अझ बढी सजग र सचेतना अपनाउनुपर्ने आवश्यकतामा जोड दिँदै प्रवक्ता सुवेदीले ट्राफिक नियमको प्रभावकारी पालना गराउन प्रहरी परिचालनसँगै जनचेतनामूलक गतिविधिलाई पनि अघि बढाइएको छ। सडकमा हुने सम्भावित जोखिमबारे यात्रु तथा चालकलाई समयमै जानकारी गराउँदा दुर्घटना रोकथाममा सहयोग पुग्ने प्रहरीको अपेक्षा छ।

### सवारीसाधनको अवस्था परीक्षण र मापसे जाँचमा जोड

सार्वजनिक सवारीसाधनबाट चाडपर्वका समयमा यात्रा गर्ने यात्रुको संख्या बढ्ने भएकाले सवारीसाधनको यान्त्रिक अवस्था र चालकको जिम्मेवारीलाई ट्राफिक प्रहरीले विशेष ध्यान दिएको जनाइएको छ। अभियानअन्तर्गत सवारीसाधनको यान्त्रिक परीक्षण गर्नुका साथै चालकले मादक पदार्थ सेवन गरी सवारी चलाए वा नचलाएको विषयमा जाँचसमेत गरिँदै आएको छ।

लामो दूरीको यात्रामा निस्कने सवारीसाधनको अवस्था, चालकको सतर्कता र सडकमा अपनाउनुपर्ने सावधानीले यात्राको सुरक्षामा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यस्ता विषयमा यात्रु तथा चालकलाई सचेत गराइएको छ। सवारीसाधनको अवस्था कमजोर हुँदा वा चालकले लापरबाही गर्दा दुर्घटनाको जोखिम बढ्न सक्ने भएकाले यात्रा सुरु गर्नुअघि आवश्यक सावधानी अपनाउन प्रहरीले आग्रह गरेको छ।

त्यसैगरी, सडकमा सवारी चलाउँदा ट्राफिक सङ्केतको पालना गर्ने, तीव्र गतिमा सवारी नचलाउने, क्षमताभन्दा बढी यात्रु नराख्ने, यात्रुलाई सुरक्षित रूपमा चढाउने र ओराल्ने तथा चालकले आफ्नो जिम्मेवारी पूरा गर्ने विषयमा समेत सचेतना दिइँदै आएको छ।

### सुरक्षित र व्यवस्थित यात्राका लागि ट्राफिक प्रहरीको आग्रह

दसैँ, तिहारलगायतका चाडपर्वमा परिवार तथा आफन्तसँग भेटघाट गर्न, घर फर्किन र विभिन्न धार्मिक तथा पर्यटकीय स्थलमा पुग्न नागरिकको आवागमन बढ्ने गर्दैआएको छ। त्यस्तो समयमा सडकमा सवारीसाधनको चाप बढ्न सक्ने भएकाले चालक, यात्रु र पैदलयात्री सबैले सावधानी अपनाउनुपर्ने ट्राफिक प्रहरी प्रमुख काफ्लेको भनाइ छ।

ट्राफिक प्रहरीले यात्राका क्रममा ट्राफिक नियमको पूर्ण पालना गर्न, मादक पदार्थ सेवन गरी सवारी नचलाउन, सवारीसाधनको अवस्था जाँच गरेर मात्र यात्रा गर्न तथा चालकले थकान महसुस भएमा विश्राम लिन आग्रह गरेको छ। यात्रुले पनि सवारीसाधन चढ्दा र ओर्लँदा सावधानी अपनाउन तथा यात्राका क्रममा चालकलाई अनावश्यक दबाब नदिन अनुरोध गरेको छ।

चाडपर्वलाई सुरक्षित, व्यवस्थित र उल्लासमय बनाउन प्रहरीको निगरानी तथा सचेतना अभियानसँगै नागरिकको जिम्मेवार व्यवहार पनि आवश्यक रहेको छ। ट्राफिक नियमको पालना र सावधानीपूर्ण यात्राले दुर्घटनाको जोखिम कम गर्न सहयोग पुग्ने भएकाले चाडपर्वका समयमा विशेष सतर्कता अपनाउन ट्राफिक प्रहरीले सबैमा आग्रह गरेको छ।
काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले चाडपर्वको अवधिमा यात्रुको सहजता र सडक सुरक्षालाई ध्यानमा राख्दै सचेतनामूलक गतिविधि तथा आवश्यक जाँचलाई निरन्तरता दिने जनाएको छ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयले यात्रुलाई सुरक्षित यात्राका लागि सवारीसाधनमा यात्रा गर्नुअघि आवश्यक सावधानी अपनाउन तथा चालकलाई क्षमताभन्दा बढी यात्रु नबोक्न, तीव्र गतिमा सवारी नचलाउन र ट्राफिक नियमको पूर्ण पालना गर्न आग्रहसमेत गरेको छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक रासस को नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# ऋण तिर्न तयार हुँदाहुँदै घरजग्गा लिलामः एनआईसी एसिया बैंकविरुद्ध महिलाहरूको धर्ना

**मधेशदृष्टि**
**वीरगंज।**
ऋण चुक्ता गर्न तयार हुँदाहुँदै धितोमा राखिएको घरजग्गा बैंकले लिलाम गरिदिएको आरोप लगाउँदै महिलाहरूको एक समूहले वीरगंजस्थित एनआईसी एसिया बैंकको शाखाअगाडि धर्ना दिएको छ । बैंकले आफूहरूको घरजग्गा फिर्ता नगरेसम्म आन्दोलन नरोकिने चेतावनी दिँदै उनीहरू तीन दिनदेखि धर्नामा बसेका छन्।



धर्नामा सहभागी सरस्वती सिंहले बैंकका कर्मचारी लक्ष्मण चालिसा, अमित जट्ट र अमित केशीसहित चार जनाको मिलेमतोमा आफूहरूको जग्गा कब्जा गरिएको गम्भीर आरोप लगाएकी छन् । उनका अनुसार दुई करोड २५ लाख रुपैयाँ ऋण लिँदा धितो राखिएको वीरगंजस्थित आर्मी ब्यारेक पछाडिको अढाई कठ्ठा जग्गा बैंकले आफूहरूलाई जानकारी नै नदिई लिलाम गरेको हो । सिंहले उक्त जग्गा आफ्नी भाइबुहारी साहेना खातुनको नाममा रहेको जानकारी दिइन् । बुहारीलाई उपचारका लागि अस्पतालमा भर्ना गर्नुपरेकाले दुई किस्ताको रकम समयमै बुझाउन नसकिएको उनको भनाइ छ । तर, पछि किस्ताको रकम जम्मा गर्न तयार रहेको जानकारी गराउँदासमेत बैंकले जग्गा लिलाम गरी अर्कै व्यक्तिको नाममा हस्तान्तरण गरिदिएको उनले आरोप लगाइन्।

**ऋण नतिरेपछि कानुनी प्रक्रियाअनुसार लिलामः बैंक**
यता, बैंकका शाखा प्रबन्धक अमित हर्लकाले ऋण चुक्ता नभएपछि आवश्यक प्रक्रिया पूरा गरेर धितोमा राखिएको जग्गा लिलाम गरिएको दाबी गरेका छन्। उनले ऋणसम्बन्धी सम्पूर्ण विवरण सार्वजनिक गर्न नमिल्ने बताउँदै ऋणसँग प्रत्यक्ष सम्बन्ध नभएका व्यक्तिहरूले बैंकअगाडि धर्ना दिएर संस्थाको प्रतिष्ठामा आँच पु¥याउन खोजेको आरोप लगाए।
बैंकले ऋण असुलीका लागि आवश्यक प्रक्रिया पूरा गरिएको दाबी गरिरहँदा पीडित भनिएका महिलाहरूले भने आफूहरूको सम्पत्ति अन्य व्यक्तिको नाममा पुगेको भन्दै विरोध जनाएका छन्। उनीहरूले घरजग्गा फिर्ता नभएसम्म धर्ना र आन्दोलनलाई निरन्तरता दिने अडान दोहो¥याएका छन्।
ऋण असुलीका नाममा धितो लिलाम गरिएको विषयमा बैंक र धर्नाकारी पक्षबीच आरोप–प्रत्यारोप बढ्दै गएको छ । अब विवादको निरूपणका लागि लिलामी प्रक्रिया, सम्बन्धित कागजात र दुवै पक्षका दाबीको निष्पक्ष छानबिन महत्वपूर्ण देखिएको छ।

# बजेट पारित भएपनि खाता बन्द, तलबदेखि सामाजिक सुरक्षा भत्तासम्म प्रभावित






मधेशदृष्टि
वीरगंज।
पर्साको सखुवा प्रसौनी गाउँपालिकामा आर्थिक वर्ष २०८३÷८४ को बजेट पारित भइसके पनि गाउँपालिकाको बैंक खाता सञ्चालन हुन नसक्दा कर्मचारीको तलब, शिक्षकको पारिश्रमिक र विकास योजनादेखि सामाजिक सुरक्षा भत्तासम्म प्रभावित हुने अवस्था सिर्जना भएको छ । गाउँपालिका उपाध्यक्ष शर्मिला विष्ठले अध्यक्ष जसवन्त यादवको व्यक्तिगत स्वार्थ र प्रमुख प्रशासकीय अधिकृतसम्बन्धी विवादका कारण यस्तो अवस्था आएको आरोप लगाउँदै तत्काल समस्या समाधान गर्न ध्यानाकर्षण गराएकी छन्।
अध्यक्ष यादवलाई सम्बोधन गरी जारी गरिएको ध्यानाकर्षणपत्रमा उपाध्यक्ष विष्ठले गाउँपालिकाको खाता सञ्चालनमा देखिएको अवरोधले स्थानीय तहको नियमित कामकाज र नागरिकले पाउने सेवासुविधामा असर पारेको उल्लेख गरेकी छन् । उनका अनुसार खाता सञ्चालन हुन नसक्दा साउन महिनादेखि गाउँपालिकाअन्तर्गत कार्यरत कर्मचारी तथा शिक्षकले तलब, भत्ता र अन्य सेवा–सुविधा पाउन सकेका छैनन् । गाउँपालिका र वडा तहबाट सञ्चालन हुने विकास निर्माणका योजना तथा कार्यक्रमसमेत प्रभावित भएका छन्।

**सामाजिक सुरक्षा भत्ता रोकिने चिन्ता**
खाता सञ्चालनमा अवरोधसँगै प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी नदिइएको विषयले सामाजिक सुरक्षा भत्ता वितरणमा समेत समस्या निम्त्याउन सक्ने उपाध्यक्ष विष्ठले बताएकी छन्। वृद्धवृद्धा, विधवा, अपाङ्गता भएका व्यक्ति तथा अन्य लाभग्राहीले पाउँदै आएको भत्ता रोकिन सक्ने अवस्था आउन लागेको भन्दै उनले चिन्ता व्यक्त गरेकी छन्।
दसैँ सुरु भइसकेको र तिहार तथा छठजस्ता प्रमुख चाडपर्व नजिकिँदै गरेको अवस्थामा कर्मचारीको पारिश्रमिक र नागरिकको सामाजिक सुरक्षा भत्तासमेत प्रभावित हुने जोखिमलाई उनले गम्भीर विषयका रूपमा उठाएकी छन्।

**इन्धन अभावमा एम्बुलेन्ससमेत सञ्चालनमा समस्या**
उपाध्यक्ष विष्ठले गाउँपालिकाले एम्बुलेन्स निःशुल्क सञ्चालन गर्ने घोषणा गरे पनि इन्धन अभावका कारण सेवा सञ्चालन हुन नसकेको आरोपसमेत लगाएकी छन् । उनका अनुसार अध्यक्षको व्यक्तिगत स्वार्थका कारण शिक्षा क्षेत्र प्रभावित भइसकेको छ भने अब स्वास्थ्य सेवासमेत प्रभावित हुने जोखिम बढेको छ।
ध्यानाकर्षणपत्रमार्फत उनले अध्यक्ष यादवलाई व्यक्तिगत स्वार्थ, रिसराग र घमण्ड त्यागेर तत्काल गाउँपालिकाको बैंक खाता सञ्चालन हुने व्यवस्था मिलाउन आग्रह गरेकी छन् । साथै, विकास निर्माणका कामलाई गति दिन, सार्वजनिक सेवा प्रवाह नियमित बनाउन तथा कर्मचारीले पाउनुपर्ने तलब र सुविधाको व्यवस्था गर्न आवश्यक पहल गर्न अनुरोध गरेकी छन्।
बजेट पारित भइसकेको अवस्थामा समेत खाता सञ्चालन हुन नसकेको विषयले गाउँपालिकाको प्रशासनिक कामकाज र सेवा प्रवाहमा प्रश्न उठाएको छ । यद्यपि, खाता सञ्चालनमा अवरोध हुनुको कारणबारे अध्यक्ष यादवको पक्षबाट प्रतिक्रिया प्राप्त भएको विवरण उपलब्ध छैन।

# अभिराम शर्माको प्रदेशसभा सदस्य पदको निलम्बन फुकुवा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
कर्तव्य ज्यान मुद्दामा निलम्बनमा रहेका मधेस प्रदेशसभा सदस्य अभिराम शर्माको निलम्बन फुकुवा भएको छ।
मधेस प्रदेशसभा सचिवालयले सोमबार सूचना जारी गर्दै असोज २६ गतेदेखि लागू हुने गरी शर्माको निलम्बन फुकुवा गरिएको जनाएको हो । सभामुख रामअशिष यादवले प्रदेशसभा नियमावलीअनुसार शर्माको निलम्बन फुकुवा गर्ने निर्णय गरेका हुन्।
प्रदेशसभा सचिव बासुप्रसाद कोइरालाद्वारा जारी सूचनाअनुसार, नेपाल सरकार वादी र अभिराम शर्मासमेत प्रतिवादी रहेको कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतले शर्मालाई २०८३ मंसिर २३ गतेको साधारण तारेख तोकेको छ।
शर्माले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (२) बमोजिम प्राप्त सुविधाका आधारमा सर्वोच्च अदालतमा पुनरावेदन पत्र दर्ता गराएका थिए। सोही पुनरावेदनका क्रममा सर्वोच्च अदालतबाट साधारण तारेख तोकिएको विषयलाई आधार मानेर मधेस प्रदेशसभा नियमावली, २०८२ को नियम २१९ को उपनियम (५) बमोजिम उनको निलम्बन फुकुवा गरिएको सचिवालयले जनाएको छ।
निलम्बन फुकुवासँगै शर्मा प्रदेशसभा सदस्यका रूपमा आफ्नो भूमिका निर्वाह गर्न पाउने भएका छन्।

# ब्राउन सुगरजस्तो पदार्थ र गाँजासहित दुईजना पक्राउ



मधेशदृष्टि
वीरगंज।
वीरगंजस्थित मितेरी पुलमा सशस्त्र प्रहरीले प्रतिबन्धित लागूऔषध ब्राउन सुगरजस्तो पदार्थ र गाँजासहित दुई जनालाई नियन्त्रणमा लिएको छ । भारतबाट नेपाल प्रवेश गर्दै गरेका एक युवक र नेपालबाट भारततर्फ जाँदै गरेका अर्का व्यक्तिलाई छुट्टाछुट्टै जाँचका क्रममा लागूऔषधसहित पक्राउ गरिएको हो । सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हेडक्वार्टर पर्साका अनुसार आइतबार सशस्त्र प्रहरी सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो । भारतबाट पैदल नेपालतर्फ आउँदै गरेका बाराको विश्रामपुर गाउँपालिका–५ नर्कुटवाका १८ वर्षीय शेख सहजातमाथि शंका लागेपछि जाँच गरिएको थियो । जाँचका क्रममा उनले बोकेको कुरकुरेको प्याकेटभित्र कालो प्लास्टिकमा लुकाएर राखिएको ४ ग्राम ८४० मिलिग्राम ब्राउन सुगरजस्तो देखिने पदार्थ फेला परेको सशस्त्र प्रहरीले जनाएको छ । सशस्त्र प्रहरीको डग स्क्वाड र बोर्डर इन्टरएक्सन टिम (बीआईटी) को संयुक्त टोलीले उनलाई नियन्त्रणमा लिएको हो।
त्यसैगरी, नेपालबाट पैदल भारततर्फ जाँदै गरेका बाराको बारागढी गाउँपालिका–३ का ४१ वर्षीय जमिल अख्तर मियाँ पनि लागूऔषधसहित पक्राउ परेका छन् । उनले बोकेको झोलाभित्र लुकाएर लैजाँदै गरेको अवस्थामा ४ किलो ८५ ग्राम प्रतिबन्धित लागूऔषध गाँजा बरामद भएको सशस्त्र प्रहरीले जानकारी दिएको छ । पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि वडा प्रहरी कार्यालय बिर्ता, पर्सामा बुझाइएको सशस्त्र प्रहरी बल, नेपाल नं. १३ गण हेडक्वार्टर पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज क्षेत्रीले बताए।

# अवैध बालुवा उत्खननविरुद्ध...

ठाकुरले बताएका छन्।
घाटगद्दीमा थुपारिएको सामग्री उठाउने अनुमति र खोलाबाट भइरहेको उत्खननको वैधानिकता फरक विषय भएकाले बरामद बिलले टिपरमा लोड गरिएको बालुवाको स्रोत र ओसारपसारको वैधता पुष्टि गर्छ वा गर्दैन भन्ने विषय अनुसन्धानपछि स्पष्ट हुने देखिन्छ।

**नयाँ ठेक्का नलाग्दै खोलामा उत्खनन**
सप्तकोशी नगरपालिकाका प्रमुख कृष्णप्रसाद ढकालले गंगाजली र अमाह खोलाको नयाँ ठेक्का अझै नलागेको पुष्टि गरेका छन् । उनका अनुसार अघिल्लो ठेक्काको अवधि असारमै समाप्त भएको थियो र नयाँ ठेक्काका लागि आवश्यक प्रक्रिया अघि बढाइएको छ। 'अघिल्लो ठेक्का असारमै सकिएको हो । नयाँ ठेक्काका लागि आवश्यक प्रक्रिया अघि बढाएका छौँ र नियमित अनुगमन गरिदिन जिल्ला समन्वय समितिलाई पत्राचारसमेत गरिसकेका छौँ,' नगरप्रमुख ढकालले भने । नयाँ ठेक्का प्रक्रिया पूरा नभइसकेको अवस्थामा खोलाबाट बालुवा उत्खनन तथा ओसारपसार भइरहेको घटनाले प्राकृतिक स्रोतको संरक्षण र नियमनमाथि प्रश्न उठाएको छ।
वन कार्यालयले नियन्त्रणमा लिइएका सवारीसाधन, टिपरमा भेटिएको बिल र उत्खननमा संलग्न व्यक्तिहरूबारे अनुसन्धान अघि बढाएकाले अवैध दोहनमा कसको संलग्नता छ भन्ने विषय अनुसन्धानको निष्कर्षपछि खुल्नेछ।

# काठ लोड गरिएको ट्र्याक्टर र मोटरसाइकल नियन्त्रणमा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको जनकपुरधाम उपमहानगरपालिका–१७ तेतरियाबाट प्रहरीले काठ लोड गरिएको ट्र्याक्टर र एउटा मोटरसाइकल नियन्त्रणमा लिएको छ।
जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार सोमबार बिहान करिब ३ः३० बजे पौडेश्वरबाट जनकपुरधामतर्फ आउँदै गरेको 'अन टेस्ट' नम्बर प्लेट भएको ट्र्याक्टरमा सपेताको काठ लोड गरी सडकछेउमा राखिएको सूचना प्रहरीलाई प्राप्त भएको थियो।
सूचनापछि घटनास्थल पुगेको प्रहरी टोलीले जाँच गर्दा काठ लोड गरिएको ट्र्याक्टरसँगै मधेस प्रदेश ०२–००१ ब ७९४ नम्बरको मोटरसाइकलसमेत बेवारिसे अवस्थामा फेला पारेको थियो।
प्रहरीले दुवै सवारीसाधन नियन्त्रणमा लिई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि डिभिजन वन कार्यालय धनुषामा पठाउने प्रक्रिया अघि बढाएको जनाएको छ।
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले घटनाबारे जानकारी दिएका हुन्।

# राति १० बजेपछि सांस्कृतिक कार्यक्रममा....

प्रसारण नगर्न प्रशासनले आग्रह गरेको छ।
चाडपर्व मनाउन घर वा पसल बन्द गरेर बाहिर जाँदा सुरक्षित ताल्चा लगाउन, देउँसीभैलो मर्यादित रूपमा सञ्चालन गर्न र मेला तथा उत्सवस्थलमा सरसफाइ कायम राख्न पनि सूचनामार्फत अनुरोध गरिएको छ।
प्रशासनले चाडपर्वका अवसरमा हुन सक्ने सम्भावित दुर्घटना, अवाञ्छित गतिविधि तथा सामाजिक सद्भावमा पर्न सक्ने असर न्यूनीकरण गर्न जारी गरिएका निर्देशन पालना गर्न जिल्लावासीलाई आग्रह गरेको छ।

# ध्वनि प्रदूषण र ट्राफिक नियम उल्लङ्घन गर्ने २४ मोटरसाइकल नियन्त्रणमा



मधेशदृष्टि
जनकपुरधाम।
चाडपर्व लक्षित सुरक्षा अभियानअन्तर्गत धनुषा प्रहरीले ट्राफिक नियम उल्लङ्घन गर्ने तथा ध्वनि प्रदूषण गर्ने २४ वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार दुर्घटना न्यूनीकरण तथा ट्राफिक व्यवस्थापन अभियानअन्तर्गत जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न स्थानबाट ती मोटरसाइकल नियन्त्रणमा लिइएका हुन्।
ठूलो आवाज निकाल्ने, तीव्र गतिमा जिगज्याग शैलीमा मोटरसाइकल चलाउने, मादक पदार्थ सेवन गरी सवारी चलाउने तथा स्वरूप परिवर्तन गरिएका मोटरसाइकललाई कारबाहीको दायरामा ल्याइएको प्रहरीले जनाएको छ । नियन्त्रणमा लिइएका मोटरसाइकलमध्ये केहीमा नम्बर प्लेट नभएको र एउटा परीक्षण नम्बर प्लेट प्रयोग गरिएको मोटरसाइकलसमेत रहेको छ।
प्रहरीले नियन्त्रणमा लिइएका मोटरसाइकलमाथि आवश्यक कारबाही प्रक्रिया अघि बढाएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । चाडपर्वका बेला सडकमा सवारीसाधनको चाप बढ्ने र चालकको लापरबाहीले दुर्घटनाको जोखिम बढ्न सक्ने भएकाले ट्राफिक व्यवस्थापन तथा सुरक्षा अभियानलाई तीव्र बनाइएको प्रहरीले जनाएको छ।
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले ट्राफिक नियमको पूर्ण पालना गरेर मात्रै सवारीसाधन चलाउन जिल्लावासीलाई आग्रह गरेका छन्। उनले सडक दुर्घटनाबाट हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरणका लागि प्रहरीको अभियानमा सहयोग गर्नसमेत अनुरोध गरेका छन्।
प्रहरीले चाडपर्वका बेला तीव्र गति, ध्वनि प्रदूषण र मादक पदार्थ सेवन गरी सवारी चलाउनेजस्ता गतिविधिबाट टाढा रहन चालकलाई सचेत गराएको छ।

# २३ वर्षअघि मरेकी महिलाले...

कागजात नभएपछि वडाध्यक्ष बिन्दालाल साह, वडासदस्य सुरेश यादव, स्थानीय बाबु हुसेन र मृतकका कान्छा छोरा महोमद्दिन मियाँबिच मिलेमतोमा कित्ता नम्बर ३५ को कागजात प्रयोग गरी सिफारिस बनाइएको थियो।
सोही सिफारिसको आडमा कित्ता नम्बर ४२ को सार्वजनिक जग्गाबाट १०० भन्दा बढी टिपर माटो उत्खनन गरी सिमरास्थित विशेष आर्थिक क्षेत्र (सेज) मा बिक्री गरिएको थियो।

**प्रतिवेदन थन्कियो, अख्तियारमा बयान**
घटना सार्वजनिक भएपछि उपमहानगरपालिकाले उपप्रमुख भोलाप्रसाद अधिकारीको संयोजकत्वमा २०८० कात्तिक १६ गते छानबिन समिति गठन गरेको थियो।
समितिले चार महिना लगाएर २०८० माघ २५ गते नगरप्रमुख राजन पौडेललाई प्रतिवेदन बुझाएको थियो।
प्रतिवेदनमा कित्ता नम्बर ३५, ४१ र ४२ बाट कुल २ लाख ४ हजार ३५६ घनफुट (लगभग ५८३ टिपर) माटो निकालिएको उल्लेख छ।
प्रतिटिपर १० हजारका दरले ५८ लाख ३० हजार रुपैयाँ जरिवाना हुने देखिए पनि सो रकम कसबाट असुलउपर गर्ने भन्ने विषयमा प्रतिवेदन मौन छ।
छानबिन समितिका सदस्य चतुरबाबु वाग्लेले वडाको बदमासीका कारण यो स्थिति आएको बताए।
'मृतकको नाममा सिफारिस दिनु, पछि छोरालाई निवेदक बनाउनु र पुनः मृतककै नाममा राजस्व दाखिला हुनुले घटनामा ठूलो कैफियत रहेको स्पष्ट पार्छ,' उनले भने।
यस प्रकरणमा नगरप्रमुख, उपप्रमुख, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत, जनप्रतिनिधि, कर्मचारी, व्यवसायी तथा सवारीधनीहरूसँग अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौँडा र केन्द्रीय कार्यालयले बयान लिइसकेको छ।

**राजनीतिक दबाब र अस्पष्टता**
घटनामा संलग्न आफ्नै पार्टीका जनप्रतिनिधि र नेताहरूलाई जोगाउन राजनीतिक दबाब आएकाले नगरप्रमुख राजन पौडेलले छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्न नसकेको स्रोतको दाबी छ।
यद्यपि, नगरप्रमुख पौडेलले भने प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय कार्यपालिकाबाट भइसकेको र असुलउपर गर्नुपर्ने रकम नगरपालिकाले असुल गर्ने बताएका छन् । तर कार्यपालिकाको निर्णय भएको ३ महिनाभन्दा बढी समय बितिसक्दा पनि दोषीमाथि ठोस कारबाही र जरिवाना असुलीको प्रक्रिया भने अझै अगाडि बढ्न सकेको छैन।

## वीरगंजसहित बारा–पर्साका ६ पालिकालाई जोडेर

# एकीकृत सार्वजनिक यातायात चलाउने तयारी




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकासहित बारा र पर्साका ६ पालिकालाई एउटै सार्वजनिक यातायात सञ्जालमा जोड्ने तयारी अघि बढाइएको छ । ग्रामीण बस्तीका नागरिकलाई बजार, अस्पताल, विद्यालय तथा सरकारी कार्यालयसम्म सहज पहुँच उपलब्ध गराउने लक्ष्यसहित अन्तरपालिका यातायात सेवा सञ्चालनका लागि अध्ययन प्रक्रिया अघि बढाइएको हो।

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहको अध्यक्षतामा बसेको अन्तरपालिका बैठकले प्रस्तावित सेवा सञ्चालनको सम्भाव्यता अध्ययन, आवश्यक समन्वय र सञ्चालनको ढाँचा तय गर्न समिति गठन गरेको छ। समितिले तयार पार्ने प्रतिवेदनका आधारमा यातायात सेवा सञ्चालनसम्बन्धी आगामी प्रक्रिया अघि बढाइनेछ। महानगरपालिकाको राजस्व प्रशासन महाशाखा प्रमुख सुनिल आचार्यको संयोजकत्वमा गठित समितिमा सम्बन्धित पालिकाका प्रतिनिधिहरूलाई सदस्यका रूपमा समेटिएको छ । समितिमा जितपुरसिमरा उपमहानगरपालिकाका लेखापाल हरिशंकर प्रसाद कुर्मी, कलैया उपमहानगरपालिकाका अजय उप्रेती र परवानीपुर गाउँपालिकाका कृष्णकुमार यादवसहितका प्रतिनिधि सहभागी छन्।

समितिले सम्भावित रुट निर्धारणदेखि सवारी व्यवस्थापन र सञ्चालन प्रणालीसम्मका विषयमा अध्ययन गर्नेछ। यातायात सेवा सञ्चालन गर्दा लाग्ने खर्च, इन्धन, चालक तथा सहचालकको पारिश्रमिक, नियमित सर्भिसिङ, मर्मतसम्भार र सम्बन्धित पालिकाबीच खर्च बाँडफाँटको व्यवस्थालाई पनि अध्ययनको दायरामा राखिएको छ।

बैठकमा प्रसौनी गाउँपालिका र पोखरिया नगरपालिकासँग समेत समन्वय गरी आगामी बैठकमा उनीहरूलाई सहभागी गराउने विषयमा छलफल भएको छ।

**ग्रामीण बस्तीका नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने अपेक्षा**

प्रस्तावित सेवा सञ्चालनमा आए मुख्य सडक र नियमित सार्वजनिक यातायातको पहुँचबाट टाढा रहेका बस्तीका नागरिकलाई आवागमनमा सहजता हुने अपेक्षा गरिएको छ। विशेषगरी स्वास्थ्य उपचार, शिक्षा, व्यापार तथा प्रशासनिक कामका लागि यात्रा गर्ने सर्वसाधारणले पटक–पटक सवारी फेर्नुपर्ने बाध्यता कम हुने र निजी सवारीमा निर्भरता घट्ने विश्वास गरिएको छ।

अन्तरपालिका यातायात सञ्जालले सहरी क्षेत्र र ग्रामीण बस्तीबीचको आवागमन सहज बनाउनुका साथै सार्वजनिक यातायातको पहुँच विस्तारमा समेत सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यद्यपि, सेवा सञ्चालनको मिति, रुट र भाडादरबारे भने अध्ययन प्रतिवेदनपछि टुंगो लाग्नेछ। बैठकमा जितपुरसिमरा उपमहानगरपालिकाका प्रमुख राजन पौडेल, कलैया उपमहानगरपालिकाका प्रमुख विनोद साह र परवानीपुर गाउँपालिकाका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीलगायत सहभागी थिए। वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्तबहादुर बोहरा र सूचना अधिकृत किर्तिराज सुवेदीको पनि उपस्थिति रहेको थियो।

## राति १० बजेपछि सांस्कृतिक कार्यक्रममा रोक,

# पटका र आतिसबाजीमा प्रतिबन्ध

**मधेशदृष्टि**
**महोत्तरी।**
बडादसैँ, दीपावली तथा छठ पर्वलाई सुरक्षित र शान्तिपूर्ण बनाउन जिल्ला प्रशासन कार्यालय महोत्तरीले विभिन्न प्रतिबन्धात्मक व्यवस्था लागू गरेको छ । जिल्ला प्रशासन कार्यालयले सोमबार सूचना जारी गर्दै चाडपर्वका बेला मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम तथा जात्रा सञ्चालन गर्दा स्वीकृत एकीकृत सुरक्षा योजनाको पूर्ण पालना गर्न सम्बन्धित सबैलाई आग्रह गरेको हो।




सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेलद्वारा जारी सूचनाअनुसार मेला, महोत्सव तथा सांस्कृतिक कार्यक्रम सञ्चालन गर्नुअघि सम्बन्धित स्थानीय तहबाट अनुमति लिनुपर्नेछ। साथै, जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायसँग अनिवार्य समन्वय गर्नुपर्ने तथा कार्यक्रमको सुरक्षाको पूर्ण जिम्मेवारी आयोजकले लिनुपर्ने व्यवस्था गरिएको छ । प्रशासनले सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रम राति १० बजेपछि सञ्चालन गर्न रोक लगाएको छ। उच्च आवाजमा डिजे तथा बाजागाजा बजाएर ध्वनि प्रदूषण गर्ने र अश्लील गतिविधि प्रदर्शन गर्ने कार्यसमेत निषेध गरिएको छ।

त्यस्तै, पटका, भुइँचम्पा तथा आतिसबाजीजस्ता प्रज्वलनशील एवं विस्फोटक पदार्थको आयात, बिक्रीवितरण र प्रयोगमा पूर्ण प्रतिबन्ध लगाइएको छ । चाडपर्वका बेला जुवातास, सट्टेबाजी तथा अवैध मदिराको कारोबार नगर्न पनि प्रशासनले आग्रह गरेको छ। सवारी दुर्घटना न्यूनीकरणका लागि मादक पदार्थ सेवन गरेर सवारी नचलाउन, ट्राफिक नियमको पालना गर्न र सडक आवागमनमा अवरोध नपु¥याउन सर्वसाधारणलाई सचेत गराइएको छ।

छठ पर्वका अवसरमा नदी, पोखरी तथा अन्य जलाशयमा पूजा गर्दा विशेष सावधानी अपनाउन प्रशासनले अनुरोध गरेको छ । बालबालिका र ज्येष्ठ नागरिकको उचित रेखदेख गर्न तथा मूर्ति विसर्जनको मार्ग स्थानीय प्रशासनसँगको समन्वयमा निर्धारण गर्नसमेत भनिएको छ । यसैगरी, अनलाइन वित्तीय ठगीबाट जोगिन ओटीपी र पासवर्ड गोप्य राख्न तथा सामाजिक सञ्जालमा भ्रामक सूचना र धार्मिक एवं साम्प्रदायिक सद्भाव बिगार्ने सामग्री प्रकाशन वा

*बाँकी पृष्ठ ३ मा*

## अवैध बालुवा उत्खननविरुद्ध कारबाही,

# ४ ट्र्याक्टर र टिपर नियन्त्रणमा

## टिपरमा भेटिएको बिलमाथि वन कार्यालयको शङ्का

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको सप्तकोशी नगरपालिका–५ स्थित गंगाजली खोलामा अवैध रूपमा बालुवा उत्खनन तथा ओसारपसार भइरहेको अवस्थामा डिभिजन वन कार्यालय सप्तरीले चारवटा ट्र्याक्टर र एउटा टिपर नियन्त्रणमा लिएको छ । नयाँ ठेक्का प्रक्रिया टुंगो नलाग्दै प्राकृतिक स्रोतको दोहन भइरहेको भेटिएपछि वन कार्यालयले संलग्न सवारीसाधनमाथि अनुसन्धान अघि बढाएको हो।

सबडिभिजन वन कार्यालय कञ्चनपुरको गस्ती टोलीले शनिबार साँझ गंगाजली खोलामा बालुवा उत्खनन गरिरहेका मधेस प्रदेश ०१–००१ त ३५८५, मधेस प्रदेश ०१–००१ त ३२२९, स १ त ६८३१ र स १ त ६७३१ नम्बरका चारवटा ट्र्याक्टर नियन्त्रणमा लिएको हो । वन कार्यालयका अनुसार ती ट्र्याक्टरबाट दिउँसै बालुवा उत्खनन भइरहेको थियो भने केही सवारीसाधनका नम्बर प्लेटसमेत स्पष्ट देखिने अवस्थामा थिएनन्।

यसैगरी, फत्तेपुर–कञ्चनपुर सडकखण्डको धरमपुरबाट अवैध रूपमा बालुवा बोकेर गइरहेको ना ५ ख ८८६० नम्बरको टिपर पनि नियन्त्रणमा लिइएको छ। पाँचवटै सवारीसाधनलाई आवश्यक अनुसन्धानका लागि सबडिभिजन वन कार्यालय कञ्चनपुरमा राखिएको छ । डिभिजन वन कार्यालय सप्तरीका प्रमुख मनोज ठाकुरले अवैध उत्खनन तथा ओसारपसारमा संलग्न व्यक्ति र सवारीसाधनमाथि प्रचलित कानुनअनुसार कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिए।



नियन्त्रणमा लिइएको बालुवा बोकेको टिपरबाट 'लक्ष्मी साह कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रा.लि.' को बिल फेला परेपछि वन कार्यालयले त्यसको आधिकारिकतामाथि समेत अनुसन्धान थालेको छ।

सप्तकोशी नगरपालिकाले आर्थिक वर्ष २०८२/८३ मा रूपनगर र भरुवाखालमा घाटगद्दी गरी राखिएको ढुङ्गा, गिट्टी, बालुवा तथा ग्राभेल उठाउने जिम्मेवारी उक्त कम्पनीलाई दिएको थियो । तर, घाटगद्दीमा रहेको निर्माण सामग्री उठाउन अनुमति दिइएको विषयमा नगरपालिकाबाट आफूहरूलाई कुनै पूर्वजानकारी प्राप्त नभएको डिभिजन वन कार्यालयका प्रमुख

*बाँकी पृष्ठ ३ मा*

## नेपाली संगीतमा नयाँ प्रयोग:

# 'एपिक्ट्रम म्युजिक सिरिज' मार्फत नयाँ बिट र नयाँ भाव

**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपाली संगीतमा नवीन प्रयोग, सिर्जनशीलता र मौलिकतालाई प्रोत्साहन गर्ने उद्देश्यले 'एपिक्ट्रम म्युजिक सिरिज' सुरु गरिएको छ । अक्टोबर १० देखि औपचारिक रूपमा सुरु भएको यस सिरिजले नेपाली संगीतमा नयाँ बिट, नयाँ भाव र फरक सांगीतिक प्रस्तुतिमार्फत दर्शक तथा श्रोतामाझ नवीन अनुभव पस्कने लक्ष्य राखेको छ।




एपिक्ट्रम इनर्जी ड्रिंक्सको अवधारणामा आधारित यस सांगीतिक सिरिजको व्यवस्थापन आर्बिट्री रेकर्ड्स र निर्माण एनएफटीपी (नर्थ फ्राम दिस प्लानेट) ले गरिरहेका छन् । सिरिजअन्तर्गत प्रत्येक दुई सातामा एउटा नयाँ मौलिक गीत सार्वजनिक गरिनेछ । गीत तथा संगीतसँग सम्बन्धित भिडियोहरू एपिक्ट्रम म्युजिक सिरिजको युट्युब च्यानलमार्फत हेर्न र सुन्न सकिनेछ।

सिरिजको पहिलो संस्करणमा यथेष्ट एस्थेटिक, ब्रेक थ्रोमा ब्लुज, बिजेन फोकटोनिक्स, जोड र क्रिजन गरी पाँच जना कलाकार सहभागी हुनेछन्। प्रत्येक कलाकारले आफ्नै सांगीतिक शैली र सिर्जनात्मक पहिचानमार्फत सिरिजलाई थप रोचक तथा विविधतापूर्ण बनाउने अपेक्षा गरिएको छ।

परम्परागत सांगीतिक शैलीभन्दा फरक प्रयोग, सिर्जनात्मक सहकार्य र स्वतन्त्र अभिव्यक्तिलाई प्रोत्साहन गर्ने लक्ष्यसहित सुरु गरिएको यस पहलले नेपाली संगीत क्षेत्रका प्रतिभालाई नयाँ अवसर प्रदान गर्ने आयोजकको विश्वास छ । एपिक्ट्रम म्युजिक सिरिजले मौलिक संगीत सिर्जना र नयाँ सांगीतिक धारलाई प्राथमिकता दिँदै नेपाली संगीतको विविधता र सिर्जनशीलतालाई फराकिलो श्रोतावर्गसम्म पु¥याउने अपेक्षा गरिएको छ।




## सामाजिक सुरक्षा भत्ता अनियमितता प्रकरण:

# विशेष अदालतको फैसलाविरुद्ध अख्तियार सर्वोच्चमा

**मधेशदृष्टि**
**कलैया।**
सामाजिक सुरक्षा भत्तामा अनियमितता गरी सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पु¥याएको आरोप लागेका बाराको पचरौता नगरपालिका–६ का वडाध्यक्ष मकबुल मियाँ अन्सारीसहित सात जनालाई सफाइ दिने विशेष अदालतको फैसलाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग सर्वोच्च अदालत पुगेको छ।




विशेष अदालतले प्रतिवादीहरूलाई सफाइ दिएपछि फैसलाप्रति असन्तुष्टि जनाउँदै आयोगले सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरेको हो । आयोगले प्रतिवादीहरूले सरकारी तथा सार्वजनिक सम्पत्तिको हिनामिना गरी भ्रष्टाचार गरेको दाबी गर्दै उनीहरूमाथि पुनः न्यायिक परीक्षण हुनुपर्ने माग गरेको छ।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमार्फत विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्चमा पुनरावेदन दर्ता गरिएको जानकारी दिएका हुन्। विशेष अदालतले गत वैशाख ७ गते उक्त मुद्दाका सबै प्रतिवादीलाई सफाइ दिएको थियो।

आयोगले यस प्रकरणमा चार लाख ७६ हजार रुपैयाँ बिगो कायम गर्दै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम बिगो असुलउपर गर्न तथा प्रतिवादीहरूलाई कैद र जरिवाना सजाय दिन माग गरेको थियो । सोही मागदाबीसहित आयोगले विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको थियो।

**सात जनाविरुद्ध पुनरावेदन**

विशेष अदालतको फैसलाविरुद्ध अख्तियारले उमद मियाँ अन्सारी, साजुल मियाँ अन्सारी, रवैया अन्सारी, मकबुल मियाँ अन्सारी, संगिता घिमिरे, पिटर थारु र राजाराम प्रसाद साहविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको हो।

आयोगका अनुसार प्रतिवादीहरूमाथि सामाजिक सुरक्षा भत्तासम्बन्धी अनियमिततामार्फत सरकारी तथा सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पु¥याएको आरोप छ । यसअघि विशेष अदालतबाट सफाइ पाएका उनीहरूविरुद्ध आयोगले पुनरावेदन गरेसँगै मुद्दा अब सर्वोच्च अदालतको न्यायिक प्रक्रियामा प्रवेश गरेको छ।

सर्वोच्च अदालतबाट पुनरावेदनको सुनुवाइपछि आउने निर्णयले यस प्रकरणमा कानुनी निरूपणको आगामी दिशा तय गर्नेछ । आयोगको पुनरावेदन दर्ता हुनु प्रतिवादीहरू दोषी ठहर भएको अर्थ भने होइन।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन